# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
# Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)


## सूचना

**धितोपत्र दलाल व्यवसायी श्री भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को धितोपत्र दलाल सेवा सञ्चालन सम्बन्धी अनुमतिपत्र निलम्बन गरिएको सम्बन्धमा।**

यस बोर्डबाट अनुमतिपत्र प्राप्त धितोपत्र दलाल व्यवसायी श्री भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ विपरित उक्त संस्थाको ग्राहकहरुको शेयर खरिद बिक्री तथा कोल्याट्रल (धितो) वापतको रकम अन्य ग्राहकको कारोवार राफसाफ गर्न प्रयोग गरेको । साथै, धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ को उपनियम (२), धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १३, १६ र १७ को व्यवस्था पालना नगरी खरिदकर्ता ग्राहकबाट रकम लिने र बिक्रीकर्ता ग्राहकलाई रकम दिने कार्य गरेको । धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ को विनियम ८ बमोजिम अग्रिम रकम (कम्तीमा २५ प्रतिशत) नलिई धितोपत्र खरिद गर्न सुविधा दिएको । उक्त संस्थाको मिति सन २०२६/०३/२६ को विवरण अनुसार उक्त संस्थाले लगानीकर्तालाई दिनुपर्ने दायित्व रकम रु ५,११,०३,७४,२३७.५६ रहेको । उधारोमा धितोपत्र खरिद गर्न सुविधा दिई लगानीकर्ताले रकम नै नतिरी हितग्राही खातामा धितोपत्र जम्मा गरिदिने कार्यबाट धितोपत्रको मूल्यमा प्रभाव पर्न सक्ने र पूँजी बजारमा प्रतिकुल असर पर्न सक्ने तथा तत्काल निलम्बन नगरी काम गरिरहन दिदा लगानीकर्ताहरुलाई नोक्सानी हुने सम्भावना देखिएकोले बोर्डको मिति २०८२।१२।२३ को निर्णयानुसार धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ८८ र नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ को नियम ३० को उपनियम (१)को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) बमोजिम धितोपत्र दलाल व्यवसायी श्री भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को धितोपत्र दलाल सेवा सञ्चालन सम्बन्धी अनुमतिपत्र तत्काल निलम्बन गरिएको र नियम ३० को उपनियम (३) बमोजिम निलम्बन अवधिभित्र देहायका कार्यहरु गर्ने शर्त तोकिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

- धितोपत्र सम्बन्धी कानूनी व्यवस्थाको पालना गरी लगानीकर्तालाई दिनुपर्ने रकम फछ्र्यौट गर्ने ।
- उक्त संस्थाबाट कारोवार गरिरहेका लगानीकर्ताले निलम्बन अवधिभर अन्य धितोपत्र दलाल व्यवसायीबाट कारोवार गर्न चाहेमा प्राविधिक लगायत अन्य कार्यमा अविलम्व आवश्यक व्यवस्था गर्ने ।

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

मिति २०८२।१२।२५


Post Box No.: 9031, Khumaltar, Lalitpur, Nepal
Phone: 5254076, 5253162, 5444077, 5441058, 5254057, Toll Free No.: 1660-01-44433
Fax No.: 00977-1-5541058, Email: support@sebon.gov.np, Website: www.sebon.gov.np